बैठक संख्या - १०

मिति
२०६२।०८।०६

आज मिति २०६२।०८।१३ गते बुधवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिती:

श्री टीकादत्त राई - कार्यकारी अधिकृत धरान उपमहा.न.पा.

श्री गणेशप्रसाद खतिवडा - व. प्रशासकिय अ.

श्री खगेन्द्र प्रसाद खतिवडा - व. कर अ.

श्री सुरज श्रेष्ठ - व. इन्जिनियर

श्री ~~खुकुन~~ रमेश शाह - व. आन्तरिक लेखा परिक्षक

श्री भेषराज अधिकारी - व. लेखा अधिकृत

श्री राजु पोखरेल - ईन्जिनियर

श्री - सुनील नेपाल - सामाजिक वि.अ.

निर्णयहरु:

(१) कर छुटको म्याद सम्बन्धमा:- स्थानीय स्वायत्त शासन तथा नियमावली बमोजिम यस कार्यालयले असुल गर्ने आ.व. २०७२।७३ को व्यवसाय कर यस कार्यालयलाई २०७२ असोज मसान्त भित्र चुक्ता गरेमा लाग्ने करमा १०% छुट दिने व्यवस्था गरिएको र व्यवसाय कर असुलीमा सुनसरी उद्योग वाणिज्य संघसंग सहकार्य हुँदै आएको सन्दर्भ र नेपालमा २०७२ वैशाख १२ र २९ मा आएको शक्तिशाली भुकम्प र त्यसको पराकम्प तथा २०७२ असोज ३ देखि भारतबाट अघोषित रुपमा लागु गरेको नाकाबन्दी र सोबाट उद्योग व्यापार तथा व्यवसायमा पर्न गएको असरलाई ध्यानमा राख्दै नेपाल सरकारले व्यवसायीलाई कर दाखिला गर्ने म्याद थप गरेको व्यवस्थालाई आधारमानी २०७२ मंसिर महिना भरी व्यवसायी कर नविकरण गर्ने करदातालाई छुटको व्यवस्था गर्नु भएको र यस उपमहा नगर पालिकाको नगर स्तरिय राजश्व परामर्श समितिको मिति २०७२।०८।०८ को सिफारिस बमोजिम आगामी नगर परिषदबाट अनुमोदन गर्ने गरी चालु आ.व.को व्यवसाय कर असुलीमा २०७२ मंसिर मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

(२) सम्भाव्यता अध्ययन सम्बन्धमा: यस उपमहा नगरपालिकाको आ.व. २०७३।७४ का लागि आयको सम्भाव्यता अध्ययन गरी प्रक्षेपण प्रतिवेदन पेश गर्ने सम्बन्धमा १५ दिनको सुचना प्रकाशित गरी शिलबन्दी प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।

~~नि~~ (३) विद्युतिय रिक्सा दर्ता सञ्चालनको सिफारिस सम्बन्धमा : यस उप महा नगरपालिका क्षेत्र भित्र संचालन गर्ने प्रयोजनकालागि विद्युतिय रिक्सा दर्ता सन्चालनको लागि तपसिल बमोजिमको मापदण्ड पुरा गरेको आधारमा यातायात व्यवस्था कार्यालय इटहरी-मा दर्ताकोलागि सिफारिस गर्ने निर्णय गरियो ।

मापदण्डहरु

(क) संस्थागत रूपमा आवेदन प्राप्त भएको हुनु पर्ने ।

(ख) यातायात व्यवस्था विभागले तय गरेको देहाय बमोजिमको मापदण्ड खुल्ने कागज पत्र पेश गर्नु पर्ने

अ- विदेशमा निर्मित रिक्सा नै आयात भएमा-

(i) प्रज्ञापनपत्र र रसिदको फोटोकपी

(ii) सवारीको स्पेसिफिकेशन जस्तै: बनेको साल, चेसिस नं., क्षमता वाट, रंग आदी ।

(आ) विदेशबाट पार्टस् झिकाई एसेम्बल गरी निर्माण गरिएकोमा:

(i) पार्टसको प्रज्ञापन पत्र र रसिदको फोटोकपी ।

(ii) सवारीको ~~f~~ स्पेशिफिकेशन

(iii) एसेम्बल गर्ने कम्पनीको दर्ता सम्बन्धि कागजपत्रको फोटोकपी

(iv) चलाउनको लागि माग गरिएको रुट ।

(ग) हाललाई २४ वटा रुटको रोड बर्डनेश भई सिफारिस भएको हुंदा एउटा रूपमा हाललाई बढीमा ५ वटा मात्र सिफारिस गर्ने ।

(घ) आ.व. २०७१।७२ मा अर्को निर्णय नभए सम्म बढिमा जम्मा ७० (सत्तरी) वटा विद्युतिय रिक्सा दर्ताको लागि सिफारिस गर्ने

(ङ) सवारी धनीको नागरिकताको निवेदन साथ संम्लग्न राख्नुपर्ने ।

(४) सवारी साधनहरुको नं. प्लेट सम्बन्धमा : यस कार्यालयको स्वामित्वमा रहेको रातो प्लेट नं. भएका ~~सम्पु~~ सम्पुर्ण सवारी साधनहरुको सरकारी (सेतो) प्लेट नं. राख्दा कार्यालयको राजश्व समेत कम लाग्ने भएकोहुंदा उक्त सवारी साधनहरुलाई सरकारी (सेतो) प्लेट नं. मा परिवर्तन गर्ने निर्णय गरियो ।

(५) सामाजिक परिक्षण प्रतिवेदन सम्बन्धमा :- स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि-२०६७ बमोजिम धरान उपमहा. नगरपालिकाको आ.व. २०७१।७२ को सामाजिक परिक्षण गरी पेश गर्ने धनकुटाका श्री किरण घिमिरे

क्रमश :

तथा विद्यापती नेपाल समेतको विज्ञ समुहबाट मिति २०७२।६।२६ गते पेश गरेको सामाजिक परिक्षण प्रतिवेदनलाई पारित गर्ने निर्णय गरियो। उक्त प्रतिवेदनले औंल्याएका उपलब्धिहरुलाई ग्रहण गर्दै सुझावहरुलाई आगामी योजना निर्माण तथा कार्यान्वयनका क्रममा व्यवस्थापन र सम्बोधन गरिने साथै उक्त प्रतिवेदनलाई यहि मिति २०७२।०८।११ गते शुक्रवार हुने सार्वजनिक सुनुवाई कार्यक्रममा समेत प्रस्तुत गर्ने निर्णय गरियो।

आजको बैठक विहान १०:०० बजे समाप्त गरियो।

माइ-युद्धकर्ता भक्तिराज शर्मा मु.अ. ९८४४८८९८९